## TBI छुट

सेवाहरू Medicaid गृह तथा समुदायमा आधारित सेवाहरू (HCBS) का छुटमार्फत प्रदान गरिन्छन्। छुटहरूले Medicaid लाई नर्सिङ सुविधास्थल जस्ता संस्थागत स्थानमा नभई तपाईंको समुदायका सेवाहरूका लागि भुक्तानी गर्न अनुमति दिन्छन्। **तपाईंले TBI छुटका सेवाहरू प्राप्त गर्न योग्यताको सबै बुँदा पूरा गर्नु पर्छ।**

TBI छुट 18 वर्ष र सोभन्दा बढी उमेरका वयस्क र मस्तिष्कमा आघातपूर्ण चोटपटक लागेका व्यक्तिहरूका लागि हो। यसले समुदायमा तपाईंका आवश्यकताहरूसँग सम्बन्धित सेवाहरू प्रदान गर्छ।

निम्न सेवाहरू उपलब्ध हुन सक्छन्:

- वयस्क दिनकालीन स्वास्थ्य सेवा
- सहायक प्रविधि
- हेरचाहकर्ताको तालिम
- घरायसी काम सहयोग
- समुदायसँगको सम्बन्ध
- साथ दिने व्यक्ति
- घरमा आवश्यक परिवर्तन
- घरमै पुग्ने खाना सेवा
- गैर-चिकित्सकीय यातायात
- व्यक्तिगत हेरचाह
- व्यक्तिगत आपतकालीन प्रतिक्रिया प्रणाली
- अस्थायी हेरचाह (हेरचाहकर्ताका लागि विश्राम)
- समर्थित रोजगारी - अनुगमनसहित
- समर्थित रोजगारी - व्यक्तिगत
- समर्थित आवासीय जीवन
- सवारी साधनमा परिवर्तन

तपाईंले प्राप्त गर्न योग्य सेवाहरू हेर्न आफ्नो SC सँग काम गर्नु हुने छ। *योग्य निर्धारण भएपछि र योजना भएपछि मात्र सेवाहरू उपलब्ध हुन्छन्। सेवाहरू अगाडिको मितिमा हुन सक्दैनन्।*

## आजै आवेदन दिनुहोस्!

तपाईं योग्य निर्धारण हुनका लागि आवेदन दिनु पर्छ। तपाईंको आवेदन प्राप्त गरिएपछि हामी तपाईंले योग्यताका बुँदा पूरा गर्नुहुन्छ कि हुँदैन भनेर निर्धारण गर्ने छौँ।

**iServe प्रयोग गरेर अनलाइन आवेदन दिनुहोस्**

**Medicaid र/वा छुटका लागि**

https://iserve.nebraska.gov/

**कागजी:** तपाईंलाई एप्लिकेसन पत्राचारमार्फत पठाउनका लागि (877) 667-6266 मा कल गर्नुहोस्।

भर्नुहोस्, प्रिन्ट गर्नुहोस्, हस्ताक्षर गर्नुहोस् र पत्रमार्फत यहाँ पठाउनुहोस्:
DDD Eligibility
PO Box 98947
Lincoln NE 68509-8947
वा स्क्यान गरेर इमेलमार्फत यहाँ पठाउनुहोस्:
dhhs.hcbswaiverapp@nebraska.gov

*तपाईं कुनै पनि DHHS कार्यालयमा गएर सहायताको अनुरोध गर्न पनि सक्नुहुन्छ।*

## DHHS लाई सम्पर्क गर्नुहोस्


(877) 667-6266

TBI आवेदन र योग्यता:

dhhs.hcbswaiverapp@nebraska.gov

Nebraska State Office Building
301 Centennial Mall South
PO Box 98947
Lincoln, NE 68509-8947


# मस्तिष्कको आघातपूर्ण चोटपटक (TBI) को छुट

# योग्यता

NEBRASKA

Good Life. Great Mission.

DEPT. OF HEALTH AND HUMAN SERVICES

*"मानिसहरूलाई अझ राम्रो जीवन बाँच्न मद्दत गर्ने"*

**मे 2025**

## TBI छुटको योग्यता

TBI छुटका सेवाहरू प्राप्त गर्न तपाईंले योग्यताका सबै बुँदा पूरा गर्नु पर्छ।

**1. Nebraska Medicaid का लागि योग्य हुनुहोस्, प्राप्त गर्नुहोस् र कायम राख्नुहोस्।**

- संयुक्त राज्य अमेरिकाको नागरिक हुनु पर्छ वा सङ्घीय अध्यागमन र राष्ट्रियता ऐनअन्तर्गत योग्य विदेशी हुनु पर्छ र संयुक्त राज्य अमेरिकामा कानुनी रूपमा उपस्थित हुनु पर्छ।
- Nebraska राज्यको बासिन्दा हुनु पर्छ।
- **तपाईंले Medicaid का लागि अझैसम्म आवेदन दिनुभएको छैन भने तपाईंले त्यसो गर्न आवश्यक हुन्छ।** *तपाईंले iServe मा आवेदन दिँदा तपाईं छुटकै समयमा Medicaid का लागि आवेदन दिन सक्नुहुन्छ।*

**2. 18 वर्ष वा सोभन्दा बढी उमेरको हुनु पर्छ।**

**3. सामाजिक सुरक्षाका अशक्तताका आवश्यकताहरू पूरा गर्नु पर्छ।**

- *अशक्तता निर्धारण खण्ड हेर्नुहोस्।*

**4. मस्तिष्कको आघातपूर्ण चोटपटक (TBI) को निदान हुनु पर्छ।**

- DHHS ले निदान गर्ने डाक्टबाट यो जानकारी प्राप्त गर्नु पर्ने हुन्छ।
- *मस्तिष्कको आघातपूर्ण चोटपटक परिभाषित गर्ने खण्ड हेर्नुहोस्।*

**5. नर्सिङ सुविधास्थल (NF) मा बस्न हेरचाहको स्तर पूरा गर्नुहोस्।**

- 471 NAC 12 मा उल्लेख गरिएअनुसार नर्सिङ सुविधास्थलको हेरचाहको स्तर पूरा गर्नुहोस्।
  - DHHS ले यो निर्धारण गर्न मूल्याङ्कन पूरा गर्ने छ। तपाईंले यो मूल्याङ्कन सेटअप गर्न कल प्राप्त गर्नु हुने छ
  - *हाम्रो मूल्याङ्कन ब्रोसरमा LOC का बारेमा जान्ने अधिकारका लागि QR कोड स्क्यान गर्नुहोस्।*
- संस्थागत स्थानमा बस्नुको सट्टा छुट सेवाहरू प्राप्त गर्ने छनौट गर्नुहोस्।
- आजीवन हुने अपेक्षा गरिएका विशेष समर्थन र सहायताको आवश्यकता हुनु पर्छ।

## अशक्तता निर्धारण

TBI छुटका सेवाहरू प्राप्त गर्ने मानिसहरूले आफू योग्य हुन सक्ने कुनै पनि सङ्घीय र राज्यका लाभहरूका लागि आवेदन दिनु पर्छ र स्वीकार गर्नु पर्छ र सकेसम्म अधीकतम हदमा उक्त लाभहरू प्रयोग गर्नु पर्छ। यसमा सामाजिक सुरक्षा प्रशासन (SSA) का लाभहरू समावेश हुन्छन्। SSA ले कुनै व्यक्तिमा अशक्तता भएको निर्धारण गरेपछि मासिक भुक्तानीहरू प्रदान गर्न सक्छ। यो Nebraska Medicaid ले प्रयोग गर्ने अशक्तताको निर्धारण हो।

- तपाईंसँग सामाजिक सुरक्षाको अशक्तताको निर्धारण भएपछि DHHS ले उक्त निर्धारण स्वीकार गर्छ। सामाजिक सुरक्षाले तपाईंमा अशक्तता भएको निर्धारण नगरेमा DHHS मा राज्य समीक्षा टोली (SRT) हुन्छ
- जसले अशक्तताको निर्धारण गर्न उही SSA का आवश्यकताहरू प्रयोग गर्ने छ।

## मस्तिष्कको आघातपूर्ण चोटपटक (TBI) परिभाषित गर्ने

TBI छुटमा हुनका लागि तपाईंको मस्तिष्टको आघातपूर्ण चोटपटक (TBI) को निदान हुनु पर्छ।

मस्तिष्टको आघातपूर्ण चोटपटक (TBI):

- बाह्य यान्त्रिक बलबाट हुने गैर-क्षयशील, गैर-जन्मजात क्षति हो,
- यसले संज्ञानात्मक, शारीरिक र मनोवैज्ञानिक प्रकार्यहरूको स्थायी वा अस्थायी खराबी गराउन सक्छ; र
- निदानको समयमा चेतनाको अवस्था घटेको वा परिवर्तन भएको हुन्छ।

*तपाईंसँग आफ्नो निदान गर्ने डाक्टरबाट प्राप्त कागजात भएपछि तपाईं आफ्नो आवेदनका साथमा यो पेस गर्न सक्नुहुन्छ, अन्यथा हामी यसको अनुरोध गर्न सक्छौँ।*

TBI छुट स्ट्रोक, ट्यमर वा अन्य गैर-आघातपूर्ण कारणहरूद्वारा आर्जिक मस्तिष्टको चोटपटकका लागि होइन। TBI जन्मको आघातद्वारा भएका मस्तिष्कका चोटपटकहरूमा TBI शब्द लागु हुँदैन।

**हाम्रो TBI योग्यताको भिडियो हेर्नुहोस्**

**भिडियो 2026 मा अपेक्षित छ।**

## सेवा समन्वय

तपाईंलाई आफ्ना सेवाहरू समन्वय र निरीक्षण गर्न मद्दत गर्न सेवा समन्वयकर्ता (SC) प्रदान गरिन्छ, जसमा तपाईंको व्यक्ति-केन्द्रित योजना लेख्ने कुरा समावेश हुन्छ।

तपाईंसँग TBI छुट भएपछि तपाईंले आफ्नो SC कसले प्रदान गर्छ भन्ने छनौट गर्नुहुन्छ:

- वृद्धावस्थासम्बन्धी क्षेत्र एजेन्सीहरू (AAA) वा
- मानव प्रतिष्ठा लिग (LHD)।

*तपाईंको नर्सिङ सुविधास्थलको हेरचाहको स्तर निर्धारण गरेपछि आफूले छनौट गरेको SC का लागि सम्पर्क जानकारी दिइने छ।*

**हाम्रो मूल्याङ्कन ब्रोसरमा LOC का बारेमा जान्नुहोस्**